**पोखरा उपत्यका साइडसिन घुम्न जाऔं**

**घुमाउने ठाउँहरू**

बेगनास-रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।

गाडी छुट्ने समय
बिहान ९:३० बजे



सम्पर्क: मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क १८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ माघ १८ गते शुक्रबार ❑ 31 Jan. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## गुणस्तरीय शिक्षामा जोड दिनुपर्छ : मन्त्री भट्टराई

**पोखरापत्र संवाददाता**
पोखरा, १७ माघ

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले मुलुकमा गुणस्तरीय शिक्षाको आवश्यकता रहेको बताउनुभएको छ। शिक्षा क्षेत्रमा राजनीति हाबी हुँदा शिक्षाको गुणस्तरीयता खस्केको उहाँले बताउनुभयो।

नेपाल राष्ट्रिय शिक्षक सङ्गठन गण्डकी प्रदेशको प्रथम प्रदेश परिषद् बैठकको बिहीबार पोखरामा उद्घाटन गर्दै मन्त्री भट्टराईले राजनीतिक दलहरुले सार्वजनिक विद्यालयका शिक्षकलाई प्रयोग गर्दा सार्वजनिक शिक्षामा सुधार आउन नसकेको गुनासो गर्नुभयो। उहाँले छिट्टै शिक्षा विधेयक ऐन ल्याउने तयारी भइरहेको बताउनुभयो।

शिक्षा विधेयक ल्याउन सार्वजनिक विद्यालयका शिक्षकको सहयोगको खाँचो रहेको उल्लेख गर्दै मन्त्री भट्टराईले यसबारेसरोकारवालासँगछलफल भइरहेको जानकारी दिनुभयो। "शिक्षा विधेयक सकेसम्म यही हिउँदे अधिवेशनमा पेश गर्ने तयारीमा छौ", उहाँले भन्नुभयो। सार्वजनिक विद्यालयको भौतिक संरचना विस्तार गरिए पनि विद्यार्थी सङ्ख्या घट्दै जाँदा समस्या भएको उहाँको भनाइ थियो।

## पोखरा-मुग्लिन आयोजनाको पोखरा-जामुने खण्डमा २८ किमि कालोपत्र

**पोखरापत्र संवाददाता**
पोखरा, १७ माघ

पोखरा-मुग्लिन सडक आयोजनाको पश्चिम (पोखरा-जामुने) खण्डमा हालसम्म २८.५२ किमि सडक कालोपत्र भएको छ।

आयोजनाका इन्जिनियर सौजन्य नेपालका अनुसार उक्त खण्डमा अब १०.३६ किमी सडक कालोपत्र हुन बाँकी छ। "तनहुँमा साढे दुई किमि कालोपत्र हुन बाँकी छ, कास्की खण्डमा पनि अहिले धमाधम कालोपत्र भइरहेको छ", उहाँले भन्नुभयो, "आगामी वर्षभित्र काम सक्ने लक्ष्य लिइएको छ।" तनहुँमा २०.८ किमि र कास्कीमा १८.०८ किमि सडक कालोपत्र भइसकेको छ। चार लेन दुवैतर्फ तनहुँमा १०.०८ र कास्कीमा ४.३९ किमि र तनहुँमा दुई लेन (एकतर्फी) ७.९८ किमि र कास्कीमा ६.०७ किमि सडक कालोपत्र भएको इन्जिनियर नेपालले जानकारी दिनुभयो। तनहुँमा २.७४ किमि र कास्कीमा ७.६२ किमि गरी कुल १०.३६ किमि सडक कालोपत्र हुन बाँकी रहेको उहाँले बताउनुभयो।

चिनियाँ निर्माण कम्पनी यनहुई काइयुयान हाइवे एण्ड ब्रिज कन्सट्रक्सनले विसं २०७८ देखि उक्त खण्डको काम सुरु गरेको थियो। "आयोजनाको पछिल्लो भौतिक प्रगति ४२ प्रतिशत पुगेको छ, जनवरी महिनाको प्रगति भने थप हुन बाँकी छ", इन्जिनियर नेपालले भन्नुभयो, "पोखराको चाउथे, अन्तर्राष्ट्रिय विमानस्थलदेखि अमरसिँहचोक, बुढीबजारलगायत ठाउँमा कालोपत्रको काम भइरहेको छ, तालचोकदेखि गगनडौँडासम्मको खण्डमा पनि निर्माणले गति लिएको छ।" कास्की र तनहुँमा पर्ने पश्चिम खण्डको तीन वर्षे ठेक्का अवधि गत भदौमा सकिएपछि निर्माण कम्पनीले म्याद थपेर काम गरिरहेको हो। पश्चिमतर्फ तनहुँको थर्पु, तुरतुरे, कास्कीको तल्लो गगनगौँडालगायत खण्डमा कालोपत्र भइसकेको छ। तनहुँको जामुनेदेखि पोखराको सेती पुलसम्मको आधा सडक छ लेन र आधाजति चार लेनको बन्ने इन्जिनियर नेपालले जानकारी दिनुभयो। वियजपुर खोला र सेती नदीमा पुल निर्माणको काम पनि सँगसँगै भइरहेको उहाँको भनाइ छ। "सडक विस्तारसँगै पुल, कल्भर्ट, नालीलगायत पूर्वाधार निर्माणको काम द्रुत गत गतिमा भइरहेको छ", इन्जिनियर नेपालले भन्नुभयो, "निर्माण कम्पनीले एक वर्षभित्रमा निर्माण पूरा गर्ने प्रतिबद्धता जनाएको छ।" कोभिड-१९ महामारीलगायत कारणले सुरुको चरणमा केही ढिलाइ भएपनि पछिल्लो समय कामले गति लिएको उहाँको भनाइ छ। ३८.८८ किमि दुरीको पश्चिम खण्डमा पर्ने १२ वटामध्ये नौ वटा सडक पुल निर्माणको अन्तिम चरणमा रहेको आयोजना कार्यालयले जनाएको छ। चिनियाँ निर्माण कम्पनी यनहुई काइयुयान हाइवे एण्ड ब्रिज कन्सट्रक्सनलले रु. सात अर्ब ४० करोड ४६ लाखमा पश्चिम खण्ड निर्माणको जिम्मा लिएको हो। कुल ८१ किमि दुरीको पोखरा-मुग्लिन सडक एसियाली विकास बैङ्कको ऋण सहयोगमा विस्तार तथा स्तरोन्नतिको काम भइरहेको हो। ४१.४५ किमिको पूर्वी खण्डमा पनि विसं २०७८ वैशाखदेखि निर्माण कम्पनी चाइना कम्युनिकेसन कन्स्ट्रक्सनले काम सुरु गरेको थियो।

## पोखरामा फागुन १० गते गण्डकी स्वजागरण उत्सव हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १७ माघ




पर्यटनको राजधानि पोखरामा आउँदो फागुन १० गते 'गण्डकी स्वजागरण उत्सव' हुने भएको छ।

जीवन विज्ञान प्रतिष्ठानको आयोजनामा पहिलो पटक पोखरा रंगशालामा बृहत रुपमा उक्त उत्सव हुने भएको विहिबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराइएको हो। योग र ध्यानका पद्धतिबाट स्वस्य, सदाचार, नैतिकवान र राष्ट्रिय भावनाले ओतप्रोत रही राष्ट्रिय सेत साधनलाई परिचालन गनृ सक्ने जनशक्ति निर्माण, युवजा र शिक्षित जनशक्तिलाई नेपालमै आफ्नो भविश्य खोज्न मद्धत गर्नका लागि उक्त कार्यक्रम आयोजना गरिएको योग गुरु भानु गुरुदेवले बताउनु भयो। उक्त कार्यक्रमको पहिलो दिन करिब ४ घण्टाको भए पश्चात दोश्रो दिन देखि एक साता 'विराट चक्र विज्ञान' कार्यक्रम हुने भएको उहाँले जनाउनु भयो। फागुन ११ गतेदेखि १७ गतेसम्म पोखरा रङ्गशालामा हुने उक्त कार्यक्रममा करिब ६ हजार भन्दा बढीको उपस्थिति रहने प्रतिष्ठानका व्यवस्थापक अभिषेक अधिकारीले जानकारी दिनुभयो। पहिलो दिनको कार्यक्रममा भने करिब ३० हजार सहभागि गराउने लक्ष्य रहेको उहाँले जनाउनु भयो। योग, ध्यान र समाधि साधनाका माध्यमबाट व्यक्तिको शारीरिक, मानसिक, भावनात्मक, बौद्धिक र चेतनागत विकासमा सहयोग पुग्ने बताइन्छ। कार्यक्रममा सहभागी हुनेले जनही ७ दिनका लागि १० हजार शुल्क तिर्नुपर्छ जुन रकम बराबरको स्वयम व्यक्तिको आवासिय सहितको खानाको लागि खर्च हुने व्यबस्थापक अभिषेश अधिकारीले बताउनु भयो। ७५३ वटै पालिकाबाट सहभागिता हुने भएका छन्। पोखरा भ्रमण वर्षको अवसरमा महानगरले उक्त कार्यक्रमलाई प्रबर्द्धन गर्दै आगन्तुक पाहुनाको आतिथ्यता गर्ने भएको पोखराका मेयर धनराज आचार्यले बताउनु भयो। गत वर्ष लुम्बिनीमा कार्यक्रम भएपछि यस बर्ष पोखरामा गर्न आफुहरुले आग्रह गरे अनुसार हुने भएको उहाँको भनाई थियो। रंगशालाको बैकल्पिक फुटवल मैदानमा शिविर हुने भएको छ भने सो क्षेत्र नजिक अस्थायी सौचालय निर्माण हुने भएको छ। योग गुरु रमेश गुरुदेवले हिमालयको भूमि नेपालको ३/४ हजार किलोमिटर माथिको उचाईमा साधन गर्न सके यसले पर्यटकहरुलाई आकर्षण गर्ने जनाउनु भयो। आफै तर्फ फर्कियर ध्यान गर्न गुरुले आग्रह गर्नुभयो।






## प्रदेश प्रमुख भट्टद्वारा सोनाम ल्होसारको शुभकामना

**पोखरापत्र संवाददाता**
पोखरा, १७ माघ

तामाङ समुदायको महान् पर्व '२८६१ औं सोनाम ल्होसार' को अवसरमा गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले शुभकामना सन्देश जारी गर्नुभएको छ।

आपसी सद्भाव, प्रेम, भातृत्व, सहिष्णुता र एकताको पर्वको रुपमा लिइने सोनाम ल्होसारले नेपालको मौलिक संस्कृतिको संरक्षण तथा सम्बर्द्धनमा योगदान पुर्‍याएको भट्टले उल्लेख गर्नुभएको छ।

शुभकामना सन्देश मार्फत् प्रदेश प्रमुख भट्टले भन्नुभएको छ-'बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक विविधतायुक्त नेपाली समाजमा सोनाम ल्होसार जस्ता पर्वहरूबाट सबै नेपालीबीच आपसी सद्भाव, सहिष्णुता र बन्धुत्वको भावना अभिवृद्धि हुनाका साथै यसबाट बृहत् राष्ट्रिय एकतालाई थप सुदृढ गर्न मद्दत पुग्नेछ भन्ने विश्वास लिएको छु।' सोनाम ल्होसार पर्वले सबै नेपालीबीचको एकतालाई अझ सुदृढ गर्दै आर्थिक र सामाजिक रूपले समृद्ध मुलुक निर्माण गर्नका लागि अघि बढ्न सबैलाई उर्जा प्रदान गरोस् भन्ने कामना पनि उहाँले गर्नुभएको छ। सोनाम ल्होसार पर्व तामाङ समुदायको नयाँ वर्षको रूपमा प्रत्येक वर्ष माघ शुक्ल प्रतिपदाको दिन मनाइन्छ। मुलुकका विभिन्न स्थानमा बसोबास गर्ने तामाङका साथै ह्योल्मो, थकाली, जिरेल, नेस्याङ्वा, भोटे, दुरा, लेप्चा आदि जातिहरूले पनि आ-आफ्नै शैली र परम्परा अनुसार यो पर्व मनाउँदै आएको पाइन्छ।

यस पर्वमा तामाङ समुदायले कुल पूजा, प्रकृति पूजा र बुद्धका सन्देशको स्मरण गर्नुका साथै आफन्तजन भेला भई मनोरञ्जन गर्दै आपसमा खुसी आदानप्रदान गर्ने गर्दछन्।

## व्यापार मेला राजस्थानको लोकनृत्य

**पोखरापत्र संवाददाता**
पोखरा, १७ माघ




पोखराको नयाँबजारमा जारी ३३ औं संस्करणको राष्ट्रिय औद्योगिक व्यापार मेला शनिबारसम्म चल्ने भएको छ।

आइटी महोत्सवसहित १२ औं क्यान इन्फोटेक तथा चौथो मोवाइल मेलासमेत समाहित गरिएको मेलामा अवलोकनकर्ताको चासो बढेपछि मेलाई शनिबारसम्म निरन्तरता दिइने निर्णय भएको आयोजक संस्था पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीले बताए। मेला माघ १० गतेदेखि सुरु भएको थियो। मेला समापनतर्फ अगाडि बढ्दा स्टलहरुबाट उत्साहजनक कारोबार भएको महोत्सवका स्टल व्यवस्थापन उपसमिति संयोजक टीकाराम सुवेदी 'माधव'ले जानकारी दिए। महोत्सवमा मोवाइल, कम्प्युटर, अटो, हस्तकला, घरायसी सामग्री, लत्ता कपडा, श्रृङ्गारका सामग्री,कृषिजन्य उत्पादनहरुको किनमेल बढेको उनको भनाइ छ। बिहीबार लोकदोहारी कलाकार चोलेन्द्र पौडेल, शिव हमाल,पार्वती जिसी,कृष्ण


बाँकी अन्तिम पृष्ठमा ▶▶





# अली मियाँ स्मृति सेभेन ए साइड फुटबलका शुक्रवार प्रि-क्वाटरका खेल हुने

पोखरापत्र संवाददाता
पोखरा, १७ माघ



लोक कवि अली मियाँ स्मृति चौँथो खुल्ला सेभेन ए साइड फुटबल प्रतियोगितामा बिहिबार सात खेल सम्पन्न भएका छन् ।

पोखरा-१३ मा रहेको माछापोखरी फुटबल मैदानमा भएका खेलमा आयोजक नेपाल मुस्लीम युवा समिती (एनएमवाइसी) (ए), रामघाट (ह्वाइट), माछापुच्छ्रे त्रिशक्ती, स्लामिक कल्याण्कारी ( ह् वाइट), पोखरा जब्स्, ए-७ र आयोजक नेपाल मुस्लीम युवा समिती एनएमवाइसी एफसी (बी) प्रि-क्वाटर फाइनलमा प्रवेश गरेका छन् । एनएमवाइसी (ए)ले न्युरोड एफसीलाइ ४- ० को फराकीलो अन्तरले पराजित गर्दैं खेल जितेको हो । यस्तै नमुना एफसीलाई ०-१ गोल गर्दैं रामघाटले कठिन जित निकाल्दा माछापुच्छ्रेले रंगशाला ग्रुपलाई २-० को सहज जित निकाल्यो ।

यस्तै अर्को खेलमा स्लामिक कल्याणकारीले गन्नी एफसी (निलो) लाई ३-२ को अन्तरले पराजित गर्‍यो । एनइपी पोखरा टिम मैदानमा उपस्थित नहुदाँ पोखरा जब्स् स्वतः प्रि-क्वाटरमा प्रवेश गर्‍यो । ए-७ टिमले एनके फुटबल क्लवलाई २-० को अन्तरले पाराजित गर्दा एनएमवाइसी एफसी (बी)ले मसिना बगर एफसीलाई पन्छाउदैं ३-० को सहज जित निकाल्यो ।

बिहिबार दोस्रो राउण्डमा खेल सकिए सगै प्रि-क्वाटर खेल्ने १६ टिमको टुंगो लागेको आयोजक समितिका शम्सुल हकले जानकारी दिए । शुक्रबार प्रि-क्वाटरका खेल हुने छन् ।

प्रतियोगितामा प्रथम हुने टिमले १ लाख ४० हजार र द्धितीय हुने टिमले ८५ हजार पुरस्कार पाउने छन् । यस्तै विधागत तर्फ वेष्ट फरवाड, मिड-फिल्डर, डिफेन्सर, गोलकिपर र हाइस्केररलाई नगद ५/५ हजारले पुरस्कार पाउने छन् । नेपाल मुस्लिम युवा समिति पोखरा-१३ को आयोजनामा भएको प्रतियोगिता यही माघ २० गतेसम्म चल्ने छ ।

# हिसान गण्डकी फुटसलमा ८ विद्यालय छनौट

पोखरापत्र संवाददाता
पोखरा, १७ माघ

उच्च शिक्षालय तथा माध्यमिक शिक्षालय संघ (हिसान) गण्डकीको आयोजनामा तेस्रो प्रदेशस्तरीय हिसान प्लस टु फुटसल प्रतियोगिताको कास्की छनौट खेलमा ८ टिम छनौट भएका छन् ।

छनौट हुनेमा टप्स इङलिस बोडिङ स्कुल, मदरल्याण्ड सेकेन्डरी स्कुल, त्रिवेणी पब्लिक सेकेन्डरी स्कुल, डाइमन्ड सेकेन्डरी स्कुल, गुरुकुल विद्यासदन, जुनियर सिटिजन एकेडेमी, पोखरा युनाइटेड एकेडेमी र कास्की मोडनाइज एकेडेमी छनौट भएका छन् ।

बाँकी दुई टोलीको छनौट हारेका ८ टिम निधारण हुनेछ । बिहीबार हार्ने टोलीबाट



चार खेल सम्पन्न भएका छन् । अब शिसुनिकेटन र सगरमाथा, हिलप्वाइन्ट र ग्लोबल कलेजीटको बिजेता छनौट हुने प्रतियोगिताका संयोजक सन्तोष पराजुलीले जानकारी दिए । प्रयोगितालाई युआरएलले मुख्य प्रायोजन गरेको छ । हिसान गण्डकीका अध्यक्ष डा रामजी शर्मा कास्की छनौट प्रतियोगितामा ३१ विद्यालय सहभागीता जनाएको प्रतियोगिताबाट गण्डकी प्रदेशका लागि १० टिम छनौट हुने बताए ।

प्रतियोगितामा कास्कीबाट १०, नवलपुरबाट २, स्याङजाबाट १, पर्वत, बाग्लुङ र म्याग्दीबाट १, तनहुँ, लम्जुङ र गोरखाबाट १ गरी १६ टिमले प्रदेश स्तरीय प्रतियोगिता खेल्ने छन् ।

हिसान गण्डकीको सदस्य विद्यालय बिच हुने प्रतियोगितामा कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीहरुले सहभागीता जनाउन पाउने छन् । प्रतियोगिताको व्यवस्थापन सबिन मेमोरीयल फुटबल क्बलले गर्दै आएको छ । प्रतियोगिताको विजेताले नगद १ लाख, मेडल, ट्रफि र उपविजेताले नगद ५० हजार, मेडल र ट्रफि प्राप्त गर्ने हिसान कास्कीका अध्यक्ष दिवाकर जैसिले जानकारी दिए ।

सविन मेमोरियल क्बल राष्ट्रिय फुटसल लिगको ए डिभिजन क्लब हो । हिसान फुटसल प्रतियोगिताले नयाँ खेलाडी उत्पादन गर्न प्रतियोगिता गरिएको सविन मेमोरियल क्लबका अध्यक्ष सञ्जय लिगले बताए । गण्डकी प्रदेशका लागि कास्की छनौट प्रतियोगिता माघ १८ गते सम्म सञ्चालन हुने छ ।

# ड्यामसाइडमा अन्तरविद्यालय वडा अध्यक्ष कप फुटवल प्रतियोगिता २० गतेदेखि

पोखरापत्र संवाददाता
पोखरा, १७ माघ

पोखराको ड्याम साइड क्लवको आयोजनामा यही माघ २० गते देखि चौथो सस्करणको अन्तरबिद्यालय वडा अध्यक्ष कप फुटवल प्रतियोगिता २०८१ हुने भएको छ ।

पोखरा महानगरपालिका वडा नम्बर १७ को प्रवर्द्धनमा हुने उक्त प्रतियोगिता गण्डकी प्रदेश प्रहरी गण (ड्यामसाइड) को खेल मैदानमा हुने भएको क्लवका अध्यक्ष रमेश प्रसाद बरालले बताउनुभयो ।

माघ २६ गतेसम्म चल्ने प्रतियोगितामा सहभागि हुने बिद्यालयहरुले यही माघ १८ गते साँझ ५ः०० बजे भित्र सम्पर्क गर्न सकिने भएको उहाँले जनाउनु भयो । दर्ता निःशुल्क रहेको उक्त प्रतियोगितामा करिब १९ बिद्यालयहरुको सहभागिता हुने आफुहरुले अपेक्षा गरेको अध्यक्ष बरालले जनाउनु भयो ।

प्रतियोगितामा पोखरा १७ स्थित वडामा रहेका सामुदायिक तथा निजी बिद्यालयहरुले मात्र सहभागि हुन पाउने छन् । ७ दिनसम्म चल्ने प्रतियोगिताको विजेता टिमले ३० हजार, उपविजेताले २० हजार, तेश्रो हुनेले १० हजार र शान्त्वना हुने टिमले भने ५ हजारको साथमा ट्रफी, मेडल र प्रमाण–पत्र प्राप्त गर्ने भएका छन् । हरेक खेलको म्यान अफ दी म्याच हुने खेलाडीलाई ट्रफी प्रदान गरिने भएको छ भने प्रतियोगितामा सर्वोउत्कृष्ट सहित सर्वाधिक गोलकर्ता, उत्कृष्ट डिफेण्स, उत्कृष्ट मिडफिल्ड, उत्कृष्ट स्टाइकर, उत्कृष्ट गोलरक्षक र उत्कृष्ट प्रशिक्षकलाई समेत ट्रफी प्रंदान गरिने भएको प्रतियोगिताका संयोजक विनोद परियारले बताउनु भयो । त्यसै गरी प्रतियोगितामा अनुशासित टिम र उदीयमान खेलाडीलाई समेत पुरस्कार प्रदान गरिने भएको छ ।

गत बर्षको विजेता शान्ति निकुन्ज बोर्डिङ स्कुल रहेको क्लवका महासचिव राकेश श्रेष्ठले बताउनु भयो । बालोदय बोर्डिङ स्कुल भने उपविजेता भएको थियो । खेलकुदको शहर पोखरामा विगत २०५९ सालदेखि खेलकुद, पर्यटन र सामाजिक कार्यमा सक्रिय हुदै आएको क्लवले विश्वकै चर्चीत खेल फुटवल खेलको तल्लोस्तर (ग्रासरुट) बाट विकास गर्ने उद्धेश्यले विगत ३ बर्ष देखि उक्त प्रतियोगितालाई निरन्तरता दिदै आएको पूर्व अध्यक्ष पदम ढकालले बताउनु भयो । उक्त क्लबबाट राजेन्द्र तामाङ, रवि थापा, प्रताप शैजु, बसन्त गौचन, विशन गौचन सहितका खेलाडी सहित ए डिभिजनमा खेल्ने करिब २५ जना खेलाडीहरु उत्पादन गर्न सफल भएको क्लवको दाबी छ ।

# टाइगर कप भलिबलमा गण्डकी एलिमिनेटरमा

पोखरापत्र संवाददाता
पोखरा, १७ माघ

पोखरामा जारी टाइगर कप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भलिबल प्रतियोगितामा घरेलु टोली गण्डकी प्रदेश पुरुषतर्फ एलिमिनेटरमा प्रवेश गरेको छ ।

पोखरा रङ्गशालास्थित भलिबल कोर्टमा बिहीबार भएको खेलमा टिपटप हेल्प नेपाल स्पोर्टस् क्लबलाई ३-१ सेटले पराजित गर्दै गण्डकी एलिमिनेटर चरणमा प्रवेश गरेको हो । पहिलो सेट २१-२५ अङ्कले गुमाएको गण्डकीले दोस्रो, तेस्रो र चौथो सेटमा पुनरागमन गर्दै जित हासिल गऱ्यो । गण्डकीले दोस्रो सेट २५-२१, तेस्रो सेट २५-२२ र चौथो सेट २६-२४ अङ्कले आफ्नो पक्षमा पाऱ्यो ।

जितसँगै गण्डकी पराजित समूहबाट ६ अङ्क प्राप्त गरेर शीर्ष स्थानमा रहँदै एलिमिनेटरमा प्रवेश गरेको छ । हेल्प नेपाल दुई र एपिएफ एक अङ्क प्राप्त गर्दै प्रतियोगिताबाट बाहिरिएका छन् । गण्डकीले अब शुक्रबार भारतको सुनिल भलिबल क्लबसँग खेल्नेछ ।

सुनिल भलिबल क्लबलाई



३-२ को सेटमा पराजित गर्दै आर्मी क्लबले पहिलो क्वालिफायर खेल्ने पक्का गरेको थियो । पहिलो क्वालिफायरमा आर्मीले पुलिससँग खेल्नेछ । यसैगरी महिलातर्फ नेपाल पुलिस क्लबलाई ३-० को सोझो सेटमा पराजित गर्दै न्यू डायमण्ड स्पोर्ट्स क्लब दोस्रो क्वालिफायरमा प्रवेश गरेको छ । न्यू डायमण्डले अब फाइनल प्रवेशका लागि सशस्त्र प्रहरी बलको एपिएफ क्लब र आयोजक टाइगर ग्रुपबीचको खेलमा पराजित हुने टोलीसँग प्रतिष्पर्धा गर्नेछ ।

टाइगर ग्रुप अफ पोखरा नेपालको आयोजनामा भइरहेको प्रतियोगिता यही माघ २० गतेसम्म चल्नेछ । प्रतियोगिताको च्याम्पियन टोलीले महिला तथा पुरुषतर्फ समान रु पाँच लाख ८५ हजार पाँच सय ५५ पुरस्कार पाउनेछन् ।

द्धितीयले रु दुई लाख ८५ हजार पाँच सय ५५ र तृतीयले रु एक लाख ८५ हजार पाँच सय ५५ प्राप्त गर्नेछन् । महिला तथा पुरुषतर्फ सर्वोत्कृष्ट हुने खेलाडीले जनही रु २५ हजार सात सय ७७ पाउनेछन् । दुवैतर्फ विधागत उत्कृष्ट ठहरिने खेलाडीलाई जनही रु १० हजार पाँच सय ५५ पुरस्कार प्रदान गरिने प्रतियोगिताका प्रचारप्रसार संयोजक इन्द्रप्रसाद पौडेलले जानकारी दिनुभयो ।

# सामुदायिक सेवा केन्द्र बैदाममा ठाकुर प्रसाद बराल

पोखरापत्र संवाददाता
पोखरा, १७ माघ

सामुदायिक सेवा केन्द्र एवं सामुदायिक प्रहरी सेवा बैदामको बुधबार सम्पन्न २१ औं साधारण सभा तथा १२ औं अधिवेशनबाट ठाकुर प्रसाद बरालको अध्यक्षतामा सर्वसम्मत नयाँ कार्यसमिति चयन भएको छ ।

पोखरा ६ बैदाममा बुधबार भएको १२ औं अधिवेशनबाट वरिष्ट उपाध्यक्षमा सोभियत परियार, उपाध्यक्षमा अनील थापा, सचिवमा शान्ता सुवेदी, सहसचिवमा भिषमाया नेपाली र कोषाध्यक्षमा निर्मला थापा चयन भएका छन् । यसैगरी सदस्यहरुमा ऋषिमाया पहारी, गोमा पगेनी, विष्णु प्रसाद पहारी, पदमबहादुर ढकाल, जुना अधिकारी, शिलु पौडेल र रविन अधिकारी सर्वसम्मत चयन भएका छन् ।

सामुदायिक सेवा केन्द्र एवं सामुदायिक प्रहरी सेवा बैदामका अध्यक्ष नेत्र भण्डारीको अध्यक्षतामा भएको अधिवेशनको उद्घाटन कार्यक्रममा बोल्दै गण्डकी प्रदेश सभा सदस्य देवका पहारीले सामुदायिक सेवा केन्द्रले समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत रहेर अझै प्रभावकारी रुपमा काम गर्ने विश्वास गरिन् । कार्यक्रममा जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख प्रहरी उपरीक्षक श्याम बाबु ओलियाले स्थानीय समुदायसँगको सहकार्यबाट अपराध अनुसन्धान तथा शान्ति सुरक्षा कायम गर्न महत्वपूर्ण भूमिका रहने बताए । यसकालागि सामुदायिक सेवा केन्द्रले अझै प्रभावकारी रुपमा काम गर्ने विश्वास गरे । कार्यक्रममा गण्डकी प्रदेशका पूर्व सांसद राजिब पहारी, सामुदायिक सेवा केन्द्र बैदामका संस्थापक अध्यक्ष मंगल नेपाली, पोखरा पर्यटन परिषद्का अध्यक्ष तारा पहारी, महिला सञ्जाल ६ बैदाम अध्यक्ष वविता मल्ल लागयतले सामुदायिक सेवाले अझै प्रकावकारी रुपमा काम गर्नु पर्नेमा जोड दिएका थिए ।

# व्यापार मेला ...

भट्टराई,रमा गौतम,केशव घिमिरेको प्रस्तुतिमा दर्शकहरुले भरपुर मनोरन्जन लिएका थिए ।

शुक्रबार मित्रराष्ट्र भारतको राजस्थानबाट आएका कलाकारहरु लोकनृत्यको विशेष प्रस्तुति रहने छ । भारतीय दूताबाससँगको सहकार्यमा यो कार्यक्रम हुन लागेको हो । स्वामी विवेकानन्द फाउण्डेसनले यो कार्यक्रमलाई सघाएको छ । साथमा कलाकारहरु चोलेन्द्र पौडेल, ज्योतिलोहनी,रामजीपौडेल,मन्जु बिक,अमर धिताललगायतको पस्तुति रहने सांस्कृतिक उपसमिति संयोजक ललित कुँवरले जानकारी दिए ।


# रारा पोखरा गोल्ड कपमा उज्विकिस्तानको ब्ल्याक बुल्स एफ.सी. सहभागी हुने

पोखरापत्र संवाददाता
पोखरा, १७ माघ

खेलकुदको शहर पोखरामा यही माघ २२ गते देखि सुरु हुने २४ औं संस्करणको आहा ! रारा पोखरा गोल्ड कप फुटबल प्रतियोगिता-२०८१ मा उज्विकिस्तानको ब्ल्याक बुल्स एफ.सी.सहभागि हुने भएको छ । सहारा क्लब पोखराको आयोजनामा पोखरा रंगशालामा संचालन हुने उक्त प्रतियोगितामा पहिलो पटक उज्विकिस्तानको उक्त टोली सहभागि हुने भएको क्लवले जनाएको छ ।

उज्विकिस्तान सहित प्रतियोगितामा ३ विदेशी सहित १२ टिम सहभागि हुने भएको क्लवका अध्यक्ष केशवराज बरालले बताउनु भयो । प्रतियोगितामा भारतको थन्डर नर्थ यूनाइटेड क्लव, वेलायतको ब्रिगेड ब्वाइज क्लब, त्रिभुवन आर्मी फुटबल क्लब, मछिन्द्र फुटबल क्लब, थ्रि स्टार क्लव, चर्च ब्वाइज युनाइटेड क्लब, संकटा फुटबल क्लव, एनआरटि फुटवल क्लव, नेपाल पुलिस क्लब, एपिएफ फुटवल क्लव र आयोजक सहारा क्लव सहभागि हुने भएको क्लवले जनाएको छ । 'आत्मा साक्षी राखी मन वचन र कर्मले सामाजिक सेवा गरौं' भन्ने उद्देश्य अनुरुप फुटबल मार्फत सहारा क्लब सामाजिक सेवा निरन्तर क्रियाशील रहेको महासचिव अधिकारीले जनाउनु भयो ।

प्रतियोगिताको मुख्य प्रायोजक हिमश्री फुड्स प्रालिको उत्पादन आहा तथा रारा चाउचाउ हो । गत वर्षको विजेता त्रिभुवन आर्मी फुटबल क्लब र उपविजेता थ्री स्टार क्लब ललितपुर हुन् । प्रतियोगिताको विजेताले १२ लाख र उपविजेताले ६ लाख सहित शिल्ड, मेडल र प्रमाणपत्र पुरस्कार प्राप्त गर्ने भएको छ । पोखरा रंगशालाको फुटवल मैदानमा हिजोआज हाल पानी हालेर मैदानमा दुवो उमार्ने काम भएको छ ।






फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# शुक्रराज माध्यमिक विद्यालयको ५६ औं बार्षिकोत्सव कार्यक्रम सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १७ माघ

पोखरा-२२ (पुम्दी–भुम्दी) मा रहेको शुक्रराज माध्यमिक विद्यालयको ५६ औं बार्षिकोत्सव विभिन्न कार्यक्रम सहित सम्पन्न भएको छ।

बुधबार शहिद दिवसको अवसरमा आयोजित बार्षिकोत्सव समारोहको उद्घाटन गर्दै गण्डकी प्रदेशका सामाजिक बिकास युवा तथा खेलकुद मन्त्री बिन्दुकुमार थापाले जीविकोपार्जनमा सहज बनाउने बाटो तर्फ विद्यालय केन्द्रित हुनु पर्नेमा जोड दिनुभयो।

पोखराका कतिपय विद्यालयहरुमा व्यवहारिक शिक्षा प्रदान गरिरहेको उल्लेख गर्दै उहाँले अबको शिक्षा व्यवहारिक तथा सिपमुलक र विद्यार्थीलाई नैतिक शिक्षा प्रवाह गरी जीविकोपार्जनमा सहज बनाउने प्रकारको शिक्षा प्रणाली आवश्यक भएको जनाउनु भयो । शिक्षालाई समृद्धिको आधारका रूपमा अघि बढाउन मन्त्री थापाको भनाई थियो।



बिद्यालय व्यबस्थापन समितिका अध्यक्ष एवं गण्डकी प्रदेशका सांसद प्रकाश बरालको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा पोखरा २२ का वडा अध्यक्ष हिमलाल बराल, गण्डकी प्रदेशका पूर्व अर्थमन्त्री रामजी प्रसाद बराल जीवन, शिक्षा अधिकृत राम प्रसाद तिवारी, नगर शिक्षा समिति सदस्य तारानाथ पौडेल, बिद्यालयका प्राचार्य नरनाथ बराल, स.प्र.अ.दिपकराज पौडेल, बिद्यालयका लेखापाल जिवन पौडेल लगायतले शिक्षाको बारेमा चर्चा गर्नु भएको थियो।

चन्दादाता तथा अक्षयकोक्ष दाताहरुलाई उक्त अवसरमा सम्मान गरिएको थियो । कार्यक्रममा विभिन्न सांस्कृतिक कार्यक्रम समेत प्रस्तुतः गरिएको थियो। उक्त अवसरमा शिक्षक सम्मानबाट प्राज्ञ नारायण मरासीनी, केशव ढकाल सम्मानित हुनु भएको छ। बिद्यालयमा कक्षा ९ देखि कक्षा १२ सम्मको पशुपालन (भेटेरेनरी) कक्षा समेत संचालन हुदै आएको छ। बिद्यालयमा करीव ५ लाख वरावरको अक्षयकोष रकम संकलन भएको शिक्षक उत्तम बरालले बताउनु भयो।

# प्रेस चौतारी पत्रकारिता पुरस्कार ईन्द्र पौडेललाई, गणेशमान गुरूङलाई सम्मान

पोखरापत्र संवाददाता
पोखरा, १७ माघ

प्रेस चौतारी नेपाल, कास्की शाखाले स्थापना एवं सञ्चालन गरेको 'प्रेस चौतारी पत्रकारिता पुरस्कार' यस वर्ष ईन्द्रप्रसाद पौडेललाई प्रदान गरिने भएको छ । प्रेस चौतारी पत्रकारिता सम्मान २०८१' अग्रज पत्रकार गणेशमान गुरूङलाई अर्पण गर्ने पनि प्रेस चौतारी कास्कीले जनाएको छ।

प्रेस चौतारीको २७ औं स्थापना दिवसको अवसरमा कास्की शाखाले पुरस्कार एवं सम्मान अर्पण गर्न लागेको हो। पुरस्कारको राशी २२ हजार २ सय २२ रहेको छ। प्रेस चौतारी नेपालका पूर्व केन्द्रीय उपाध्यक्ष तथा सल्लाहकार शान्ति गुरूङ संयोजक, पूर्व पुरस्कृत व्यक्तित्व केशव पाठक र अग्रज केशवशरण लामिछाने सदस्य तथा कार्यवाहक अध्यक्ष मोतिसागर अधिकारी र सचिव रञ्जन अधिकारी पदेन सदस्य रहेको प्रतिभा छनौट समितिले पौडेललाई पुरस्कृत र गुरूङलाई सम्मान गर्ने निर्णय गरेको हो। सम्मानित व्यक्तित्व गणेशमान गुरूङ २६ वर्षदेखि पत्रकारितामा क्रियाशील छन्। स्याङ्जा सिरूबारी जन्मस्थान रही पोखरा १५ मा स्थायी बसोबास गर्दै आएका गुरूङले २०५५ सालमा पोखरा हटलाइन दैनिकबाट पत्रकारिता सुरू गरेका थिए। हिमचुली एफएम, गोल्डेन आई टेलिभिजन हुँदै २०६४देखि सगरमाथा टेलिभिजनमा आबद्ध रही १३ वर्षदेखि समाचार सम्पादक पदमा कार्यरत छन् । बिएलसम्म अध्ययन गरेका गुरूङ २०७७ मा ' प्रबल जनसेवा श्री चतुर्थ' पदकबाट विभूषित भइसकेका छन्। पुरस्कृत पत्रकार इन्द्रप्रसाद पौडेल २१ वर्षदेखि पत्रकारितामा निरन्तर सक्रिय छन्।

२०६० सालमा समाधान र पोखरा हटलाइन दैनिकमा संवाददाता र फोटो पत्रकारिता गरेका पौडेल २०६२ सालदेखि कान्तिपुर टेलिभिजनमा आबद्ध छन्। यस्तै, मैदानन्यूज डटकमको संस्थापक सञ्चालक हुन् । प्रेस चौतारी नेपाल गण्डकी प्रदेश कमिटी अध्यक्ष पौडेल नेपाल पत्रकार महासंघ गण्डकीको संस्थापक सचिव, पत्रकार महासंघका पूर्व केन्द्रीय पार्षद् पनि हुन् । नेपाल फोटो पत्रकार महासंघको कास्की शाखा अध्यक्षदेखि केन्द्रीय सदस्यसमेत भइसकेका पौडेल सामाजिक संस्था सिर्जना विकास केन्द्र, पोखराको पूर्व अध्यक्ष पनि बने । कास्कीको अन्नपूर्ण गाउँपालिका स्थित समाज सेवा युवा परिवारका संस्थापक अध्यक्ष, जनप्रिय बहुमुखी क्याम्पसका सञ्चालक समिति सदस्य पनि हुन्। पौडेलले प्रेस काउन्सिल क्रियाशील पत्रकारिता पुरस्कार २०७२, सहारा क्लब पोखरा, फोटोग्राफर संघ पोखबाट सम्मान प्राप्त गरेका छन्।

पोखरा ७ निवासी पौडेलले बिए अध्ययन र २ वर्षे सीएमए पनि गरेका छन् । प्रेस चौतारी कास्कीले राजु भण्डारी, सावित्री खनाल, हुम गुरूङ र मीना गुरूङलाई संस्थागत योगदानको कदर गर्दै सम्मान गरिसकेको छ। प्रेस चौतारी पत्रकारिता पुरस्कारबाट अग्रज पत्रकारहरु संस्थापक अध्यक्ष पुण्य पौडेल, माधव शर्मा, रुद्रबहादुर थापा, नवराज सुवेदी, हरि बास्तोला, बद्रीबिनोद प्रतीक, खेम सारु, दुर्गा भण्डारी, निमदत्त सुवेदी, श्रीराम सिग्देल र शान्ति गुरुङ पुरस्कृत भइसकेका छन्।

यसैगरी, रामकृष्ण ज्ञवाली, श्याम कुँवर, दीपेन्द्र श्रेष्ठ, केशव पाठक, सुष्मा पौडेल र माधव बराल पुरस्कृत भएका छन् । यसैबीच, सम्मान तथा पुरस्कार अर्पण समारोहलाई व्यवस्थित बनाउन विभिन्न उपसमितिसमेत गठन गरिएको छ । सोहि दिन स्थानीय तहसँगको समन्वयमा अर्न्तर्क्रिया र प्रेस चौतारी कास्कीको नवौं अधिवेशनमार्फत् नयाँ नेतृत्व पनि चयन गर्ने कार्यक्रम रहेको सचिव अधिकारीले जानकारी दिए।

# रतनपाण्डे मा.वि.मा प्रदेशस्तरीय जुनियर युवा रेडक्रस गोष्ठी सुरु

पोखरापत्र संवाददाता
पोखरा, १७ माघ

पोखराको रतन पाण्डे माविमा प्रदेश स्तरिय जुनियर युवा रेडक्रस गोष्ठी सुरु भएको छ।

नेपाल रेडक्रस सोसाइटी गण्डकी प्रदेशको आयोजना, कास्की जिल्ला रेडक्रस सोसाइटीको व्यवस्थापन तथा नेपाल जुनियर युवा रेडक्रस सर्कल रतनपाण्डे माध्यमिक विद्यालय, पोखरा-१३ आर्बाको आतिथ्यतामा ३ दिवसीय चौथो गण्डकी प्रदेश स्तरीय गोष्ठी आज (बिहिबार) देखि विद्यालयमा सुरु भएको हो।

उक्त गोष्ठीको समुद्धाटन गण्डकी प्रदेश सरकारका स्वास्थ्य मन्त्री कृष्ण प्रसाद पाठकले गरेका थिए । उक्त गोष्ठीको उद्धाटन गर्दै स्वास्थ्य मन्त्री पाठकले रेडक्रस जस्तो मानवीय तथा सामाजिक संस्थाले जुनियर तथा युवाहरुमा सकारात्मक सन्देश प्रदान गरि समाजसेवा तथा मानवसेवा प्रति समर्पित हुनका लागि यस्ता कार्यक्रमहरुले महत्वपूर्ण भुमिका खेल्ने बताए।

उक्त कार्यक्रममा गण्डकी प्रदेशका जुनियर तथा युवा रेडक्रस सर्कलका ११ वटै जिल्लाका प्रतिनिधिहरुले सहभागिता जनाएका छन्। गोष्ठीको सुरुवात हुनु पूर्व पोखरा महानगरपालिका वडा नं. १३ आर्बा स्थित आदर्श मोहोरपानी टोल विकास संस्थाको भवनबाट विहान प्रभातफेरि कार्यक्रमको आयोजना गरिएको थियो । उक्त प्रभातफेरि कार्यक्रममा रेडक्रससँग सम्बन्धित मानवतालाई जिवित राखौं, रेडक्रसका ७ सिद्धान्त पालना गरौं, संकटाभिमुख समुदायको संरक्षण गरौं, मानवताका लागि हातेमालो गरौं, जलवायु परिवर्तन प्रति युवा विद्यार्थी सचेत बनौं लगायतका नारा सहित स्थानीय टोल विकास संस्था, आमा समूह, युवा क्लब स्थानीय समाजसेवी, बुद्धिजिवीहरुको सहभागिता रहेको विद्यालयका प्रधानाध्यापक डिल्लीराम बरालले जानकारी दिए । समारोहमा पोखरा म.न.पा. वडा नं. १३ का वडा अध्यक्ष किरण बराल, युवा नेता लेख बहादुर तामाङ, समाजसेवी शिक्षकप्रेमी किशोरदत्त बराल, शिक्षा विकास तथा समन्वय इकाई कास्कीका प्रमुख लोकनाथ आचार्य, विद्यालयका प्रधानाध्यापक बराल, नेपाल रेडक्रस सोसाइटी कास्कीका सभापति डण्डराज शर्मा, नेरेसो गण्डकी प्रदेशका महासचिव रामदत्त पौडेल, नेरेसो गण्डकी प्रदेशका सभापति सुर्य प्रसाद ढकाल, नेपाल शिक्षक महासंघ जिल्ला समिति कास्कीका अध्यक्ष भोलानाथ पौडेल, नेपाल रेडक्रस सोसाइटी केन्द्रीय जुनियर युवा समितिका सदस्य एवं गोरखा जिल्ला सभापति भिमसेनकाजी बानिया, नेरेसो गण्डकी प्रदेश जुनियर युवा समितिका संयोजक तिर्थराज तिवारी, विद्यालयका सल्लाहकार वसन्तराज बराल, कार्यक्रम संयोजक धर्मेस जयसवाल लगायतले आआफ्नो मन्तव्य राखेका थिए।

युवा रेडक्रस सर्कलका रतनपाण्डे मा.वि.का अध्यक्ष कृपा पराजुलीको अध्यक्षतामा भएको उक्त कार्यक्रमको सञ्चालन नेपाल रेडक्रस सोसाइटी कास्कीका सदस्य तथा जुनियर युवा समितिका संयोजक रमेश भण्डारीले गरेका थिए । उक्त गोष्ठीले गत वर्ष लमजुङमा सम्पन्न भएपश्चात जुनियर युवाका गतिविधिहरुमा भए गरेको वार्षिक समिक्षा सहित आगामी १ वर्षका लागि गण्डकी प्रदेशभर गरिने जुनियर तथा युवा रेडक्रसका गतिविधिहरु, निती तथा कार्यक्रमहरु माथि छलफल गरि प्रस्ताव समेत पेश गर्ने कार्यक्रम रहेको अध्यक्ष संयोजक भण्डारीले जानकारी दिए । उक्त समारोहमा शिक्षक नायक राधादेवी बरालले रेडक्रसका ७ सिद्धान्त वाचन, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष शरदचन्द्र बरालले धन्यवाद ज्ञापन एवं नेरेसो गण्डकी प्रदेशका महासचिव पौडेलले कार्यक्रमको औचित्य माथि प्रकाश पारेका थिए।

# निर्दोष बालबालिका पनि कारागारमा

पोखरापत्र संवाददाता
बागलुङ, १७ माघ

जिल्ला कारागारमा आमासँग बालबालिका बस्न बाध्य भएका छन्।

बागलुङको महिला कैदीबन्दीका दुई बालबालिका पनि कारगारमा छन्। चार वर्षीय बालक कारागारमा बसेको १० महिना भयोभने दुई महिनाकी बालिका पनि थपिएकी छिन् । इमेज बचत तथा ऋण सहकारी संस्थाका कोषाध्यक्ष लक्ष्मीसेन सुनार सहकारी ठगी मुद्दामा २०८० माघ १२ गते काठमाडौंमा पक्राउ पर्नुभएको थियो। सुनारलाई जिल्ला अदालतले माघ १५ गते पुर्पक्षका लागि थुनामा राख्न आदेश दिएको थियो । सुनार जिल्ला कारागार चलान भएको दुई महिनापछि उनका ४ वर्षीय छोरा पनि कारागार पुगेका थिए।

छोराको स्याहारसुसार र संरक्षण गर्ने मान्छे नभएपछि सुनारले पछिल्लो १० महिनादेखि छोरालाई आफूसँगै कारागारमा राख्दै आउनुभएको छ। कर्तव्य ज्यान कसुरमा आमा तनसरा विक पुस ९ गते पुर्पक्षका लागि कारागार चलान भएपछि उनीसँगै उनकी २ वर्षीया छोरी कारागारमा बस्दै आएकी छिन्। सुनार र तनसरा दुवैको मुद्दा कहिले फैसला हुन्छ टुङ्गो छैन। पाँच वर्षभन्दा कम उमेरका बालबालिका आमा थुनामा रहेको समयमा घरमा हेरचाह र संरक्षण गर्ने व्यक्ति नभएपछि आमासँगै राख्न पाउने व्यवस्थाअनुसार उनीहरुलाई कारागारमै राखिएको जिल्ला कारागारका प्रशासक धीरेन्द्र पन्तले बताउनुभयो।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं १८ सहेला बडहरे भकुण्डे मोटरबाटो निर्माण कार्य गर्दा तपसिल बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुमा जानकारीका लागि यो सार्वजनिक सूचना जारी गरिएको छ।

योजनाको नामः सहेला बडहरे भकुण्डे मोटरबाटो ढलान
ठेगानाः पोखरा- १८
योजना सम्झौताः २०८१/०८/१२
योजनाको काम सुरु भएको मितिः २०८१/०९/२४
योजना सम्पन्न भएको मितिः २०८१/१०/१०
पोखरा महानगरपालिकाबाट प्राप्तः रु.६,००,०००
उपभोक्ताबाट प्राप्तः रु. १,०५,९७७.३५
जम्मा कुल लागत : रु. ७,०५,९७७.५०

**सहेला बडहरे भकुण्डे मोटरबाटो निर्माण उपभोक्ता समिति**
**पोखरा-१८**

**Government of Nepal**
**Ministry of Energy, Water Resources and Irrigation**
**Department of Water Resources and Irrigation**
**Irrigation and Water Resources Management Project**
**Pokhara, Kaski**

# Invitation for Electronic Bids only

**(Date of Publication: 2081/10/18 B.S.)**

1. Government of Nepal (GoN) Ministry of Energy, Water Resources and Irrigation, Department of Water Resources and Irrigation, Irrigation and Water Resources Management Project, Pokhara, Kaski invites electronic bids from eligible bidders for the following bids under National Competitive Bidding procedures.

| S. N. | IFB No. | Name of work | Estimated Amount (With VAT and PS) NRs. | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) | Minimum Average Annual Construction Turnover (NRs.) | Minimum Work Experience of similar size and nature (NRs.) |
|---|---|---|---|---|---|---|---|
| 1 | IWRMP-KASKI/ MYAGDI-SINGHA/ NCB/WORKS/ 15/081-82 | Construction of Composite Concrete Retaining Wall with Gabion wall as well as Launching Apron. | - | 9,22,000.00 | 5,000.00 | 39.30 million | 13.10 million |

2. Bid Validity Period/ Bid Security Validity Period 90 Days / 120 days from last date of bid submission
3. Last Date & Time of Bid Submission - 2081/11/18 B.S till 12:00 Hrs.
4. Eligible bidders may obtain further information from PPMO's website www.bolpatra.gov.np/egp. or project office.